प्रशासनिक सभाहरुमा कसरी सहमतिमा पुग्न सकिन्छ

पाष्टरीय तालीम पुस्तिका

४५

तालीम र वृद्धि

T&M ®

यो अध्ययनमा परमेश्वरले सहायता गरुन् भनी प्रार्थना गर्नोस्, ताकि तपाईंको मण्डलीका पाष्टर तथा सदस्यहरु सहमतिमा पुग्न सकून् ।

विभिन्न संस्कृतिका मानिसहरुले आ-आफ्ना विषयहरुलाई विभिन्न प्रकारले सुल्झ्याउँछन् । उदाहरणको लागि, अफ्रिका जस्ता देशहरुमा, कुनै पनि औपचारिक प्रशासनका कुराहरु लागू गर्न अघि लामो समयसम्म प्रशासनिक विषयहरुको लागि छलफल गरिनु पर्दछ । तन्नेरीहरुको बूढाहरुसँग, स्त्रीहरुको पुरुषहरुसँग, पहिलेका दासहरुको पहिलेका मालिकहरुसँग कुरा नमिल्न सक्छ । तपाईंको क्षेत्रमा जुन तरिका अप्नाइन्छ, योसित मिल्दैन भने यहाँ टिप्पणी गर्नुहोला :

येशू ख्रीष्टले भन्नुभयो *"यदि तिमीहरुले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरु मेरा चेलाहरु हौ ।"* (यूहन्ना १३:३५)

येशू ख्रीष्टको मण्डली त यसका सदस्यहरुबीच भएको मीठो सम्बन्धको कारणले चिनिनु पर्दछ । विचारको विभिन्नता त सधैं हुन्छन्, तर सठीक ढङ्गमा अगुवाइ गरिएको सभामा हामी सद्भावपूर्ण सहमतिमा पुग्नसक्छौं ।

जब विचारहरुमा विभिन्नता आउँछन्, हामीले समान विचार धारामा जोड दिन सक्तैनौं । ख्रीष्टमा एकता भन्नुको तात्पर्य एकनासेपन होइन । पावलका पत्रहरुले सिकाउँदछन् कि हामीले परमेश्वरको अघि हाम्रो मूल्यको एकता (अर्थात, ख्रीष्टमा आत्मिकी एकता) त पाइसकेका छौं । यो एकताको सार यो होइन कि हरेक इसाई अथवा मण्डलीले त्यही कुर

ाहरु गर्नुपर्दछ । बरु यो बुझ्न आवश्यक छ कि त्यही देहभित्र स्वतन्त्रपूर्वक प्रयोग गर्नको निम्ति हामीलाई विभिन्न प्रकारका वरदानहरु अनि सेवकाइहरु दिइएका छन् । (रोमी १२:३-१६, १ कोरन्थी १२-१३, एफिसी ४:१-१६)

विचारमा विभिन्नता भए तापनि, हामीले आपसी आदर र र ाम्रो सम्बन्ध कायम राख्नु पर्दछ । प्रेरित १५ ले यरुशलेमको मण्डलीको राम्रो उदाहरण हामी सिकाएको छ । सहमतिमा पुग्नको लागि सातवटा आदर्शहरु छन् । यी सात आदर्शहरु जान्नको लागि हामी यरुशलेमको सभालाई विचार गरौं ।

नियम १
तिनीहरुले मतभिन्नतालाई खुला रुपमा छलफल गरे

पढौं प्रेरित १५:१-५

निरीक्षण:

- समस्या अति गम्भीर थियो । यो गहन विश्वासको बारेमा थियो ।

- शुरुको प्रेरितीय मण्डलीहरुमा पनि, विचारको विभिन्नताहरु थिए । कुनै पनि मण्डलीमा विचारको विभिन्नता नहुने कुरै छैन ।

- हामीले पनि त्यही रुपमा भिन्नतालाई समाधान गर्नसक्छौं ।

सर्वप्रथम, तिनीहरुले आफ्ना विभिन्न विचारहरुलाई खुला रुपमा अनि आदरपूर्वक प्रस्तुत गरे । तिनीहरु चुपचाप बसेनन् अथवा एक अर्काबाट आफ्नो असहमतिलाई लुकाएर राखेनन् ।

ती इसाईहरुमा भएको असहमति कस्तो थियो:

☐ सानो ।

☐ ठूलो (गम्भीर)।

(तपाईंको उत्तरलाई पद २ सित तुलना गर्नोस् ।)

नियम २
सबै इच्छुक व्यक्तिहरुले समस्यालाई सुल्झ्याउने प्रयास गरे

पढ्नोस् प्रेरित १५:६

सबै इच्छुक व्यक्तिहरु समस्या समाधान गर्न भेला भए । (पद २२)

निरीक्षण:

- दुइ व्यक्ति बीचको समस्या दुइ व्यक्ति बीचमा नै मिलाउनु पर्दछ । सारा मण्डलीलाई मुछ्ने काम नै छैन ।

- अगुवा स्तरको समस्या अगुवाहरु (पाष्टर तथा एल्डर हरु) द्वारा नै समाधान हुनुपर्छ ।

- सारा मण्डलीसित सम्बन्धित समस्याको निम्ति सारा मण्डलीले अन्तर्क्रिया गर्नु पर्ने हुन्छ । कुन उपाय अप्नाउने हो भनी अगुवाहरुले नै पहिला छलफल गरेको हुनुपर्छ ।

- हामीले यो विषयमाथि विचार पुऱ्याउँदा राजनीति, व्यक्तिगत आक्रमण, अथवा सपोर्टको निम्ति मानिसहरु आफूतर्फ खिँच्ने कामबाट अलग रहनु पर्दछ। आपसी आदरभावमा नै सबै कुरो खुला रुपमा प्रस्तुत गरिनु पर्ने प्रक्रियालाई हामीले स्थान दिनुपर्दछ।

नियम ३
हरेकलाई नै बोल्ने अधिकार छ

पढ्नोस् प्रेरित १५:७-११

प्रेरित पत्रुसले:

☐ छलफललाई एकाधिकार गऱ्यो।

☐ आफू बोल्ने पालो पर्ख्यो।

निरीक्षण:

- पत्रुसले फरिसीहरुको आलोचना गरेन, तर प्रेमसाथ परिस्थितिको बारेमा स्पष्टीकरण दियो। उसले बढो शान्तभावमा तर्क पेश गऱ्यो।

- कसैले पनि छलफललाई एकाधिकार गरेन ।

- सभाको बेला हामीले कसैलाई आलोचना गर्नु हुँदैन । व्यक्तिगत संघर्ष चल्दा, हामीले सम्बन्धित व्यक्तिसँग गुप्ती रुपमा भेट्घाट गर्नुपर्दछ ।

- सबै सदस्यहरुलाई बोल्ने अधिकार छ । यदि कुनै व्यक्तिले गम्भीर समस्या उत्पन्न गर्दैछ भने, अगुवाहरुले उसको कुरा पहिले सुनिदिनु राम्रो हुन्छ ताकि उनीहरुलाई यो कुरा थाहा होस् कि सबैको कुरा सुनिदिने काम गरिन्छ ।

मुख्य कुरोः

यदि कसैले तपाईंको विरुद्धमा अपराध गरेको छ भने, अरुलाई समावेश गर्नुभन्दा अघि, तपाईंले तिनीहरुसित पहिला कुरा गर्नुपर्छ (मत्ती १८:१५१७)। यसले लडाइँ झगडालाई हटाउन सक्छ । हामीले सार्वजनिक रुपमा कसैलाई आलोचना गर्दैनौं, तर गुप्तमा समस्याको समाधान गर्ने प्रयास गर्नेछौं । यसले निन्दा भन्ने कुरा पनि हटाउँछ ।



कुनै विश्वासीले कुनै भूल नगरेको भए तापनि, यदि उसले आदतवश अरु विश्वासीहरुको आलोचना गरिरहन्छ भने, उसले एक गम्भीर पाप गरेको हुन्छ । कति पापले उसको आफ्नै शरीरलाई नोक्सानी पुऱ्याउँदछ, तर आलोचनाले अरुहरुलाई नोक्सानी पुऱ्याउँदछ । यसले मण्डलीको संगतिमा हानि पुऱ्याइरहेको हुन्छ ।

केले समस्यालाई झन नराम्रो पार्दछ ?

- ☐ नम्रसँग तर दृढतापूर्वक कुनै पनि व्यक्तिसित (अथवा त्यो व्यक्ति तपाईंभन्दा ठूलो हुनुहुन्छ जसलाई तपाईं आदर गर्नुहुन्छ भने, कोही मध्यस्थ मार्फत) असहमत हुनु ।
- ☐ उसको पछाडि आलोचना गर्नु ।

तपाईंको उत्तर तल दिइएका बुँदाहरुसँग तुलना गर्नोस्:

"मानिसहरुका बीचमा निन्दा नफैलाओ । तिमीहरुले आफ्नो छिमेकीको जीवन जोखिममा नपार । म परमप्रभु हुँ । आफ्नै भाइबन्धुसित दुश्मनी नराख । आफ्नो छिमेकीलाई खुल्लमखुल्ला हप्काओ, नत्रता तँ पनि त्यसको अपराधमा साजा होलास् ।" (लेवी १९:१६-१७)

कुनै पनि भाइको निन्दा गर्नु बाइबलले सख्त मनाही गरेको छ । सम्बन्धित व्यक्तिसँग पहिला नबोलीकन हामीले कसैको बारेमा केही बोल्नु मिल्दैन । (मत्ती १८:१५-१८) सभाहरुमा धेरै लडाइँ झगडाहरु यिनै नियमहरु तोडिनाले नै भएका हुन् ।

नियम ४
जब अरुहरु बोलिरहेका थिए तिनीहरु चुपचाप रहे

पढ्नोस् प्रेरित १५:१२

निरीक्षण

- कोही बोलिरहेको बेला तिनीहरुले बीचमा बाधा हालेनन् ।

- तिनीहरुले त्यो स्पीकर कम गर्ने प्रयास नै गरेनन् । अरुहरु बोल्दा, हामीले चुपचाप सुन्नु पर्ने हो ।

- अरु व्यक्तिहरुसित हाम्रो विचारमा भिन्नता रहेको भए तापनि, हामीले हाम्रा इसाई मित्रहरुलाई आदर गर्नुपर्छ ।

जब कोही बोलिरहेको बेला हामीलाई केही भन्न मन पर्दा:

☐ उसले भनी नसकुञ्जेल हामी पर्खन्छौं ।

☐ हामीले बीचैमा रोकेर कुरा गर्छौं ।

नियम ५
तिनीहरुले धर्मशास्त्रमार्फत परमेश्वरको अगुवाइ खोजे

पढ्नोस् प्रेरित १५:१३-२१



निरीक्षण:

- याकूबले धर्मशास्त्रअनुसार एउटा बुद्धिमानी समाधान प्रस्तावमा ल्यायो ।

- उसको प्रस्तावले हरेकको विश्वासलाई गाभ्नसक्यो । अइसाईहरुको मुक्तिको लागि तिनीहरुले पुरानो करारको व्यवस्थालाई पालन नगरे पनि हुन्छ भनेका थिए । हामीले अनुग्रहबाट उद्धार पाएका छौं । तरै पनि यहूदीहरुलाई अति बाधा पार्ने कुरोबाट चाहिँ अलग बस्न तिनीहरुलाई सल्लाह दिइयो ।

कसरी हामीले समस्याहरु समाधान गर्दछौं ?

☐ बाइबल प्रयोग गरेर ।

☐ हामीहरुको आफ्नै विचारमा अल्झिएर ।

नियम ६
उनीहरु एक सहमतिमा पुगे

पढ्नोस् प्रेरित १५:२२-२७ सबैले याकूबको प्रस्तावलाई मानिलिए ।

निरीक्षण:

- उनीहरु खुशी भएर सहमतमा पुगे । मानिसहरुले उनीहरुको विवेकको विरुद्ध जानै परेन ।

- सहमतमा पुग्नको लागि धेरैले आफ्ना विचारहरुलाई र ोक्ने काम पनि गर्नु परेको थियो ।

- अगुवाले चित्त बुझ्दो समाधान पनि पाउनको लागि प्रोत्साहित गर्दछ । कुन बेला चाहिँ प्रशस्त छलफल

भइसकेको छ भनी उसलाई थाहा हुन्छ । तब उसले समाधानलाई व्याख्या गरिदिन्छ, यसरी सबैले बुझ्दछन् ।

- सर्वसम्मतको सहमति अति राम्रो हुन्छ । ख्रीष्टको प्रेममा सहमतिमा पुग्न, कतिलाई सधैं अरुहरुमा समर्पण हुन खाँचो पर्दछ ।

पहिलो, हामीले कुनै पिन (काँटी) द्वारा पनि बेलुनबाट हावा निकाल्न सक्छौं, तर यो नष्ट हुन्छ। मण्डलीसँगको कुरो पनि यस्तै हो। सभामा जब रीसलाई पिनको रुपमा प्रयोग गरिन्छ, संगति नष्ट भएर जान्छ।



दोस्रो, हामीले बेलूनलाई छोडिदिन सक्छौं, अनि यो हावामा विना नियन्त्रण उडिरहन सक्छ। यो तब हुन्छ जब अगुवाहरुले असहमतलाई खुल्ला रुपमा सामना गर्न चाहँदैनन्।



तेस्रो, हामीले हावालाई विस्तारै छोडिदिन सक्छौं, हाम्रो हातले यसलाई नियन्त्रण गरेर। असहमतलाई पनि हामी परिपक्व अगुवाहरुले पवित्र आत्माको नियन्त्रणमा भएर यसरी नै नियन्त्रण गर्न सक्छौं। हामीले बढो धैर्यपूर्वक व्यवहार गर्नु पर्दछ।



नियम ७
सबै जना पवित्र आत्माको अगुवाइमा समर्पित हुन्छन् ।

पढ्नोस् प्रेरित १५:२८-२९

निरीक्षण

- विश्वास गर्ने फरिसीहरुले विश्वास गरेको यो एउटा आश्चर्यकर्म थियो । यो उनीहरुको लागि कठोर भएको भए तापनि, तिनीहरु परमेश्वरको इच्छामा समर्पित भए ।

- हाम्रा सभाहरुमा, हामीले पनि त्यस्तै गरी हाम्रा इसाई मित्रहरु अनि अगुवाहरुद्वारा व्यक्त गरिएको पवित्र आत्माको अगुवाइ स्वीकार गर्नुपर्छ ।

पवित्र आत्माले केद्वारा अगुवाइ गर्नुभयो:

☐ रीतिविधिद्वारा ।

☐ धर्मशास्त्रद्वारा ।

सारांश जाँच

१. दुइ इसाईहरुबीचको समस्या ती दुइकै माझ मिलाउनु राम्रो हुन्छ। किन ?

२. सभाहरुमा, अरु कतिले एक पटक बोल्नलाई पर्खिरहेको बेला, एउटै घरिघरि बोल्नु हुँदैन। किन हुँदैन ?

३. किन हामीले एकाअर्कालाई बीचमा बाधा पुऱ्याउँदैनौं ?

_____

_____

४. बाइबलको कुन अध्यायले प्रशासनिक सभा अगुवाइ गर्नको निम्ति असल रुपरेखा प्रदान गर्दछ ?

☐ यूहन्ना १५

☐ प्रेरित १५

५. प्रेरित १५ अनुसार कुन मण्डलीमा कसरी सहमतमा पुग्नु भन्ने बारेमा असल उदाहरण पाउँदछौं:

☐ यरुशलेम

☐ मेक्सिको नगर

☐ रोम

६. यरुशलेममा असहमतको विषय कस्तो थियो:

☐ ठूलो

☐ सानो

७. यो झगडाको समाधान कसरी गरियो:

☐ एक आराधना सेवाद्वारा ।

☐ एक प्रशासनिक सभाद्वारा ।

८. सभाको बेला केको प्रभाव थियो ?

☐ आलोचनाको ।

☐ खुला छलफलको ।

☐ हल्लाको ।

९. धेरै बेरसम्म खुला छलफलपश्चात, याकूबले केको आधारमा समाधान प्रस्तावमा ल्याए:

☐ धर्मशास्त्रको ।

☐ उसको आफ्नै धारणाको ।

१०. याकूबको धारणा परमेश्वरको वचनमा आधारित थियो । केको कारण तिनीहरुले स्वीकार गरे:

☐ पवित्र आत्मा ।

☐ दृढ घोषणा ।

११. परमेश्वरको आत्माले सहमतमा ल्याउनु भयो ।

☐ हरेकलाई ।

☐ केहीलाई ।

अभ्यासको काम

कठोर निर्णयहरु गर्नुपर्दा कसरी सहमत हुने भन्ने बारेमा तपाईंका अगुवाहरु अनि मण्डलीलाई सिकाउनु होस् ।

- सर्वसम्मतिबाट निर्णय लिने प्रयास गर्नोस् ।

- मत भिन्नतालाई खुला रुपमा व्यवहार गर्नोस् ।

- प्रत्यक्ष सम्बन्ध राख्नेहरुसँग समस्याको बारेमा छलफल गर्नोस् । व्यक्तिहरुको अनुपस्थितिमा उनीहरुको बारेमा कुरा नगर्नोस् ।

- हरेकलाई बोल्ने अधिकार दिनुहोस् (तर उनीहरुसित गुप्तमा बातचीत नै नगरी अरुहरुको आलोचना गर्नलाई होइन)।

- अरुहरु बोल्दा चुपचाप लाग्नोस् । (पालो पर्खनोस् ।)

- आफ्नो वचनद्वारा परमेश्वरले तपाईंलाई अगुवाइ गरुन् भनी उहाँसँग प्रार्थना गर्नोस् ।

- सभामा पवित्र आत्माको अगुवाइप्रति सचेत बन्नु होस् । तपाईंको व्यक्तिगत धारणालाई समर्पण गर्न तयार बन्नोस् ।



टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

045NP01A-01